# महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महाराजगंज, कपिलबस्तु
लुम्बिनी प्रदेश, नेपाल

प.स.०७९/८०
चलानी नं- ९२

मिति :२०७९/०४/०२

### विषय: सूचना संशोधन सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा यस नगरपालिकावाट सामाजिक सुरक्षा भत्ता खाईपाई आएका लाभग्राहीहरुको सामाजिक सुरक्षा वितरण कार्यविधि २०७७ को दफा ५ तथा नेपाल सरकारको आ.व. २०७९।८० को बजेट व्तक्तब्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक उल्लेख भएकोले लाभग्राही सूचीकरण काम अगाडि बढाउने र सामाजिक सुरक्षा ऐन,२०७५ मा संशोधन समेत भईसकेकोले ऐ. ऐन,२०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम प्रत्येक आ.ब. को लागि साउन महिना देखि भदौ मसान्त भित्र नविकरण एवं अद्यावधिक गर्नुपर्ने भएकोले तपसिल बमोजिमको कागजातहरु सहित लाभग्राही स्वयं वा निजको संरक्षक माथवर आ-आफ्नो वडा कार्यालयमा उपस्थित भई आ.ब. २०७९।८० का लागि आफ्नो लाभग्राहीहरुको विवरण नविकरण गर्ने मिति २०७९।०४।०१ गते देखि २०७९।०५।३१ गतेसम्म निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.सं. | सामाजिक सुरक्षाको किसिम | योग्य उमेर र अवस्था | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १. | जेष्ठ नागरिक भत्ता | ६८ वर्ष पुगेका जुनसुकै नेपाली नागरिक | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |
| २. | जेष्ठ नागरिक दलित | ६० वर्ष पुगेका दलित नागरिक | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |
| ३. | जेष्ठ नागरिक एकल महिला | ६० वर्ष माथिका अविवाहित, सम्बन्ध बिच्छेद र न्यायिक पृथिकिकरण गरी बसेकी महिलाहरु | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अविवाहित प्रमाणपत्र, अदालतको सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि,न्यायिक पृथिकिकरण भएको प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |
| ४. | विधवा(आर्थिक सहायता) | पतिको मृत्यु भएको जुनसुकै उमेरकी महिला | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि,नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अर्को विवाह नगरेको प्रमाणपत्र,मृत्यु दर्ताको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |
| ५. | पूर्ण अपाङ्गता(क वर्ग) | रातो कार्ड भएका जुनसुकै उमेरका व्यक्ति | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,संरक्षकको नागरिकताको प्रतिलिपि,अपाङ्ता परिचयपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |
| ६. | अति अशक्त अपाङ्ग (ख वर्ग) | निलो कार्ड भएका जुनसुकै उमेरका व्यक्ति | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,संरक्षकको नागरिकताको प्रतिलिपि (यदि संरक्षक छ भने मात्र),अपाङ्ता परिचयपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |
| ७. | बालपोषण भत्ता | ५ वर्ष उमेर मुनिका एउटै आमा-बुवावाट जन्मेका २ सन्तान | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि,जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, संरक्षकको नागरिकताको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |
| ८ | लोपोन्मुख जाती | जुनसुकै उमेरका लोपोन्मुख जातीका नेपाली नागरिक | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |